## युद्ध र इतिहासका पानाहरू ।

आह ! कति कुरुप र वीभत्स यी पानाहरू
लेखेर युद्धका घाउका दाग अक्षरहरूले
शब्दहरू पनि कति रक्तरञ्जित छन्
आलो र काँचो रगतको
नमीठो र तीखो दुर्गन्धले,
वाक्यहरू दारुण परिणतिका कथाहरू मात्र भन्दछन्
जीवन विनाश र विभाजनका कथाहरू ।

दुई महासमरहरूले निम्त्याएको जहरको असर
सङ्क्रामक व्याधिले सारा शरीरभरि फैलन दिएर
फैलन दिएर आत्मभरि
इतिहासव्यथा चिच्याइरहेछ
भयाबह पीडा
एकाकीपनको
साजनहरूसितको
स्नेहीहरूसितको विछोडको पीडा बनेर आक्रमणको
इतिहासमै अक्षम्य
बलात्कारका दुर्घटनाले
विक्षिप्त र अपाहिज जिन्दगीको पीडा
विषमताको पीडा ।

भूगर्भको उत्खननमा भेट्टिने नरकङ्कालका आकृतिहरू
अझै जीर्णोद्धार हुन नसकेका
र मात्र भग्नावशेषहरू
बमबारीको विध्वंसक र निरन्तर आवाज
मुन्तिर कुल्चिएर पिल्सिएर
क्षतविक्षत र उर्वर हुन नसकेका
खेतका फाँटहरू
युगौँ अघिदेखि आजसम्म ।
साम्राज्य लिप्साका दुर्दमनीय घोडाहरू
बेलगाम र अङ्कुशेरहित
नरमेघ यज्ञका
विश्वविजयका आकांक्षाहरू समेटेर
अझै तुरिन सकेका छैनन्
त्यो सल्कँदो छ, फैलँदो छ, भड्कँदो छ
अझ उग्र बनेर
प्रचण्ड बनेर, खग्रास झैँ

भूखण्डमा
प्रत्येक देशको सीमा रेखामा
सर्वनाशी भएर ।

आत्मघाती बमहरू लिएर
सदा पड्काउन तत्पर छन्, हातहरू
उन्मादको मनोविज्ञानले ग्रसित
दुरात्माहरू !

यी युद्धहरू लडेर कहिले किन थाक्दैनन् ?
किन घोषणा गर्दैनन् युद्धविरामका रेखाहरू ?
एउटा गोलमेच वरिपरि बसेर
किन शान्ति सम्झौताका वार्ता
मस्यौदा पत्रमा
हस्ताक्षर हुन सक्दैन ?
कलिङ्गको निर्मम हत्याको परिणतिले
युद्धका यी अनन्त श्रृङ्खलाहरूबाट
म आत्मा-आत्मासम्म पग्लिसकेको छु
चेतनाको विराट् रुखको हाँगामुन्तिर बसेर
म आत्मज्ञानी बोधिसत्वले झैँ
चिन्तनको एउटा नयाँ आयाम खोज्दै छु
चिन्तनको एउटा नयाँ धरातल खोज्दै छु
र अस्वीकार गर्दै छु मानव विरोधी युद्धको
यो दानवी परिणतिलाई
काँधमा मेशिनगन, टमिगन र अन्य
आणविक अस्त्रहरू बोकेर
युगको छाती दाग्न
तोप र ट्याङ्क कुदाउन ।

ओ ! महानायक र सेनानायकहरू !
यो तिमीहरूको युद्धपिपासा
तिमीहरूको महत्वाकाङ्क्षाको शिलान्यास
सत्ता र साम्राज्य प्राप्तिको अभिलाषाको
अनवरत दौडको खेलमा
साधन बन्न
आधिपत्य र अहंको तुष्टिको निम्ति
बलिदान भई
वीरताको पदक जित्न अस्वीकार गर्दछु
म शान्ति र निर्वाण प्राप्तिको मार्गमा

स्वयंलाई आत्मवलि
महावलि घोषित गर्दछु ।

६ ६ ६